# रिब्दीकोट गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

खस्यौली, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

9760870079
info@ribdikotmun.gov.np
www.ribdikotmun.gov.np

प.सं.२०८२/०८३
च.नं. —

**दररेट पेश गर्ने सम्बन्धी सुचना।**

(पहिलो पटक प्रकाशित मिति २०८२/११/११)

यस कार्यालयले आ.व २०८२/०८३ मा रिब्दीकोट गाउँपालिका मुकाम रही प्रयोग गर्ने गरी तोकिएको शर्तको अधिनमा रही सवारी साधन भाडामा लिने निर्णय गरेकोले इच्छुक फर्म, व्यक्ति वा कम्पनीबाट नियमानुसार खरिद प्रक्रियामा भाग लिनका लागि यस कार्यालयको राजश्व शाखाबाट नियमानुसार शुल्क भुक्तान गरी दरभाउ फाराम बुझी लिई मिति २०८२/११/२५ गते दिनको ३:०० बजेभित्र यस कार्यालयको प्रशासन शाखामा दरभाउपत्र खामबन्दी गरी दर्ता गरिसक्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। यस सूचना सम्बन्धी विस्तृत विवरण र शर्तहरु यस कार्यालयको वेभसाइट ribdikotmun.gov.np तथा प्रशासन शाखामा सम्पर्क राखी लिन सकिनेछ।

**नोटः** रित नपुगी आएका वा म्याद नाघी आएका प्रस्तावहरु उपर कुनै कारबाही गरिने छैन। गाडी छनोट गर्ने सम्पूर्ण अधिकार यस संस्थामा सुरक्षित रहनेछ।

..................................
(सुरेश भुसाल)
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

# रिब्दीकोट गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

खस्यौली, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

9760870079
info@ribdikotmun.gov.np
www.ribdikotmun.gov.np

प.सं.२०८२/०८३
च.नं. —

दरभाउपत्र साथ व्यक्ति तथा फर्मले पेश गर्नुपर्ने कागजातहरु:

**१) व्यक्तिको हकमा:**

- नागरिकताको छायाँप्रति १थान -
- यस कार्यालयबाट बुझिलगेको फारम फारम प्रमाणित गरी सक्कलै बुझाउने - थान १
- सवारी चालकको नागरिकताको छायाँप्रति - थान १
- सवारी चालकको सवारी चालक अनुमतिपत्रको छायाँप्रति - थान १ (नविकरण भएको)
- सवारी साधनको ब्लु-बुकको छायाँप्रति - थान १
- सवारी साधनको तेस्रोपक्ष बीमाको प्रमाणित कागजातको छायाँप्रति - थान १

**२) कम्पनी वा फर्मको हकमा:**

- फर्म दर्ता प्रमाणपत्रको छायाँप्रति-थान १
- करचुक्ता प्रमाणपत्र(२०८१/८२) को छायाँप्रति -थान १
- यस कार्यालयबाट बुझिलगेको फारम प्रमाणित गरी सक्कलै बुझाउने -थान १
- सवारी चालकको नागरिकताको छायाँप्रति-थान १
- सवारी चालकको सवारी चालक अनुमतिपत्रको छायाँप्रति-थान १ (नविकरण भएको)
- सवारी साधनको ब्लु-बुकको छायाँप्रति-थान १ (नविकरण भएको)
- सवारी साधनको तेस्रोपक्ष बीमाको प्रमाणि कागजातको छायाँप्रति-थान१

प्रमुख प्रशासकीय अधिकृत



CamScanner

# रिब्दीकोट गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

खस्यौली, पाल्पा

लुम्बिनी प्रदेश, नेपाल

9760870079

info@ribdikotmun.gov.np

www.ribdikotmun.gov.np


प.सं.२०८२/०८३

च.नं. —

**सवारी साधन भाडामा लिने सम्बन्धी शर्तहरु :**

१. चालु अवस्थामा रहेको Scorpio Close body/Hard Top हुनुपर्ने।

२. मोडल (सन् २०१७ वा सो भन्दा पछिको) हुनुपर्ने।

३. सवारी साधनको ब्लु-बुक नविकरण भएको हुनुपर्ने।

४. कम्तिमा तेस्रो पक्ष बिमा गरेको हुनुपर्ने।

५. सवारीधनीले सवारीचालक अनुमतीपत्र भएको चालकको व्यवस्था गर्नुपर्ने।

६. इन्धनको व्यवस्था गाउँपालिकाले व्यहोर्नुपर्ने।

७. मर्मत खर्च सवारीधनी स्वयंले व्यहोर्नुपर्ने।

८. मर्मत गर्नुपर्ने भई लगातार दुई दिनभन्दा बढी समय सम्म संचालनमा नआएको खण्डमा सो अवधीको लागत मुल्य घटाई भुक्तानी गरिने।

९. भाडा रकम भुक्तानी गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजानिक खरिद नियमावली, २०६४ र प्रचलित कानुन बमोजिम भुक्तानी हुने।

१०. सवारी भाडा लिदा अग्रिम पेश्की उपलब्ध नगराइने।

११. अन्य आवश्यक विषयहरुका सम्बन्धमा गाउँपालिकाले निर्णय गर्न सक्ने।

प्रमुख प्रशासकीय अधिकृत




CamScanner

# सवारी साधन भाडामा दिने सम्बन्धी निवेदन फाराम

मिति:

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू
रिब्दीकोट कार्यपालिकाको कार्यालय, खस्यौली, पाल्पा।

महोदय,

उपयुक्त सम्बन्धमा जिल्ला पाल्पा, रिब्दीकोट गाउँ कार्यपालिकाको कार्यालयको मिति २०८२/११/११ मा सवारी भाडामा लिने सम्बन्धी १५ दिने सूचना जारी भएको र मेरो तपसिल बमोजिमको विवरणको सवारी भाडामा दिन इच्छुक भएकोले सवारी भाडामा दिनका लागि आवश्यक कागजात सहित विनम्र अनुरोध साथ यो प्रस्ताव पत्र पेश गरेको छु।

**तपसिल:**

सवारी धनीको नामथर : ..........................................

ठेगाना : ..........................................

सवारी नम्बर : ..........................................

मोडेल नं. : ..........................................

सवारीको सिट क्षमता : ..........................................

लिन चाहेको सवारीको मासिक भाडा कर सहित (अंकमा) रु. ................................................

(अक्षरमा) रु. ..............................................................................

**निवेदक:**

नामथर:

ठेगाना:

सम्पर्क नम्बर:

हस्ताक्षर:

CamScanner